# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
स्थापना २०७३

पत्र संख्या : ०७६।०७७
च.नं :- ८५१

मिति : २०७६।९।२०

**विषय** : छानविन गरी प्रतिवेदन पेश गरेको बारे ।

श्री प्रमुख प्रशासकिय अधिकृत
मिथिला नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. अनु-४सङघीय/५६७/०७६/०७७ च.नं. ९०३ मिति २०७६।६।२७ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । यस नगरपालिकाबाट निकासी हुने बालुवा, गिट्टी, ग्राभेलको उत्खन्न संकलन र विक्रि करको ठेका २०७६ भदौ महिना भित्र निकालि सक्नु पर्नेमा ठेका ननिकाली कर्मचारी तथा ठेकेदारको मिलेमतोमा नगरपालिकाको ठेली प्रयोग गरी नक्टाभिज र लालगढमा ढाट राखी गैरकानूनी ढगबाट कर असूल गरेको तथा प्रत्येक दिन करिब रु १,५०,०००/- राजश्व उठाउनु पर्नेमा आनन्द श्रेष्ठलाई प्रतिदिन रु १,००,०००/- नगरपालिकामा बुझाउने गरी सहमति गरी बाँकी सरकारी राजश्व रकम हिनामिना गरेको भन्ने समेतको व्यहोरा उल्लेख भएको उजुरी यस कार्यालयमा दर्ता हुँन आएको हुँदा सो सम्बन्धमा के-कसो भएको हो ? सत्य तथ्य बुझी पछि सम्म बुझदा व्यहोरा फरक नपर्ने गरि स्थलगत निरीक्षण गरि छानविन प्रतिवेदन तथा यस कार्यालयको स्पष्ट राय प्रतिकृया सहित उक्त विषयसँग सम्बन्धित सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि आवश्यक परेकोले पत्र प्राप्त भएको मितिले १० (दश) दिन भित्र माग भए बमोजिमको राय-प्रतिक्रिया सहित प्रमाणित कागजात यस कार्यालयको अनुसन्धान शाखा नं. ४ मा उपलब्ध गराइदिनु हुन लेखी आएकोमा साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखा, सिंहदरबार, काठमाण्डौंको प.सं. २०७६/०७७ च.नं. १७३ जर्वबस्ती राजस्व उठाइ राजश्व ठेली हिनामिना गरेको सम्वन्धमा यस कार्यालयबाट भएको छानविन तथा सो संग सम्वन्धित काजजात हेर्दा तपसिल अनुसार भएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. नेपालको संविधान २०७२ को अनुसूची- ९ को क.सं. १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी भने संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को परिच्छेद-३ को दफा ११ को घ मा स्थानीय कर, सेवा शुल्क तथा दस्तुर भने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को परिच्छेद-३ को दफा ११ को घ को (६) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुका विकी तथा निकासी शुल्क दस्तुर सङ्कलन भने उल्लेख गरिएको व्यवहोरा अनुरोध छ ।

२. मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिति २०७६/०४/२८ को प.सं.प्र. ०७६/०७७, च.नं. १०७ को पत्रमा श्री केशब कुमार अधिकारीलाई निमित्त प्रमुख प्रशासकिय अधिकृत भई कामकाज गर्ने भने पत्रचार गरिएको व्यहोरा अनुरोध छ ।

शाखा अधिकृत

३. मिति २०७६/०५/२६ गतेको मिथिला नगरपालिकाको नगर कार्यपालिको बैठकको निर्णय नं. १ मा मिथिला न.पा. मा रहेका तपसिल अनुसारका नदी, खोलाबाट आ.व.०७६/०७७ का लागि वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन् गरी बिक्री कर (रु ३.७५/– प्रति घ.फी.का दरले) संकलन का लागि ठेक्का बन्दोबस्ती प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।त्यसै गरि निर्णय नं. ५ मा यस नगरक्षेत्र भित्र भएर बग्ने रातु नदी, जलाद नदी, औरही नदी, जग्धर नदी, बसही नदी र बडहरी नदी हरुवाट वालुवा, गिट्टी, ग्राभेल, ढुगां, रोडा को प्रति क्यु.फिट रु. ३.७५ का दरले बिक्री कर संकलन ठेक्का बन्दोवस्ती प्रक्रिया पूरा नहुनजेल बढीमा ४५ दिन सम्म अमानत प्रक्रियावाट कर संकलन गर्ने गराउने भनी सर्वसम्मती वाट निर्णय गरियो।

४. मिति २०७६/०५/२६ गते वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको बिक्रीकर ठेक्का बन्दोबस्त गर्ने सम्वन्धमा टिप्पणी र आदेश लेखियो। त्यसै गरी २०७६/०५/२७ तहलका.नेपाल स्थानीय पत्रिकामा डोर हाजिरीमा कर्मचारी नियूक्त गर्न सूचना प्रकाशन गरियो। साथै नागरकि दैनिक पत्रिकामा वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धि ३० (तीस) दिने शिलबन्दी बोलपत्र सुचना आहवान गरियो।

५. मिति २०७६/०६/०२ गतेको मिथिला नगरपालिकाको नगर कार्यपालिको बैठकको निर्णय नं. १ मा मिथिला नगरक्षेत्र भित्र भएर बग्ने रातु नदी, जलाद नदी, औरही नदी, जग्धर नदी, बसही नदी र बडहरी नदी हरुबाट उत्तखनन गरिएको वालुवा, गिट्टी, ग्राभेल, ढुगां, रोडाको बिक्री कर उठाउन ठेक्का बन्दोबस्त प्रकृया व्यवस्थापन नहुनुसम्म मिति २०७६/०५/२६ गतेको कार्यापालिकाको निर्णयानुसार अमानतबाट उठाउने भनी निर्णय नं १ र ५ कार्यान्वयन गर्नका लागि श्री आन्नद कुमार अधिकारी (सहायक पाचौं) र श्री शिव शंकर प्रसाद सिहं (सहायक पाचौं) लाई व्यवस्थापक, श्री प्रभु राम कुमार क्याप्छाकी (सहायक चौथो) र श्री विनोद कुमार राय (सुपरभाइजर) लाई फिल्ड निरीक्षकको रुपमा राखि अन्य आवश्यकता अनुसारका कर्मचारीहरुको माताहतमा व्यवस्थापन तथा सञ्चालन गर्ने सर्वसम्मतीबाट निर्णय गरियो। साथै प्रशासन शाखाको सिफारिसमा यस कार्यको लागि मात्र कर्मचारी खटाउने भनी सर्वसम्मतीबाट निर्णय गरियो।

६. मिति २०७६/०६/०२ गते कर संकलन साथै कर संकलन सहायक कर्मचारी नियुक्त गर्ने सम्वन्धमा टिप्पणी र आदेश लेखियो र श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोसंग ज्यालादारी सेवामा काम गर्ने सम्झौता गरियो। साथै श्री शिव शंकर प्रसाद सिहं, श्री आनन्द कुमार अधिकारी, श्री जोगेन्द्र महतो, श्री विनोद कुमार राय, श्री प्रभुराम कुमार क्याप्छाकी, श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोलाई जिम्मेवारी तोकियो र राजश्व उप शाखामा १०० बटा नगदी रसिद ठेली प्रमाणित गरि अमानत प्रकियाबाट वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने प्रयोजनको लागि दाखिला गरियो। मिति २०७६/०६/१३ गते रकम जम्मा गर्ने सम्बन्धमा पत्र लेखियो।

७. मिति २०७६।६।२७ गते दिनको १२.०० बजे सम्मे इच्छुक फर्म वा कम्पनीहरुबाट पेश भएको शिलबन्दी बोलपत्र दाखिला गरि सोहि दिन २:०० बजे शिलबन्दी बोलपत्र खोलियो। मिति २०७६।६।३० गते वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्वन्धि मूल्यांकन समितिको संयोजकले प्रतिवेदन पेश गरे। सोही दिन आसय पत्र सम्बन्धी सूचना निकालने टिप्पणी र आदेश लेखि मिति २०७६।०७/०१ म प्रथम पटक आसय पत्रको सूचना प्रकाशित गरिएको जानकारी गराउन चाहन्छु। मिति २०७६।०६।०८ मा वालुबा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्वन्धि सम्झौता गर्न आउन श्री जय बजरंग वालुवा प्रशोधन उधोगलाई पत्रचार गरियो।

मिति २०७६।०६।०८ गतेको सम्झौता सम्वन्धमा लेखिएको टिप्पणी र आदेश अनुसार मिति २०७६।०६।०८ गते वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धि श्री जय बजरंग बालुवा प्रशोधन उधोगसँग सम्झौता गरियो । मिति २०७६।०६।०८ गते चलन पूर्जी श्री जय बजरंग बालुवा प्रशोधन उधोगलाई दिइयो ।

८. मिति २०७६।०७।२२ मा श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोले डोर हाजिरीमा काम गरेबापत रकम भुक्तानी बाऊ बारे निवेदन पेश गरेको छ । मिति २०७६।०८।०३ गते अमानतबाट उठाएको वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको विक्री कर सात दिन भित्र राजश्व उप शाखामा दाखिला गराउनु हुन पत्र लेखिएको छ । त्यसै गरी समयमा बाँकी रकम जम्मा नगरेकोले मिति २०७६।०८।२६ गते बाँकी रकम जम्मा गर्ने सम्बन्धमा पत्रचार गरिएको जानकारी गराउन जाहन्छु ।

९. श्री विनोद कुमार रायले २०७६।०८।२८ गते यस कार्यालयमा पेश गरेको निवेदन अनुसार निजले मिति २०७६/०७/०८ सम्म अमानतबाट रोयल्टी उठाउँदा राजश्व उप शाखाबाट जम्मा ६९ वटा ठेली जारी भएको देखिन्छ । त्यसमा मात्र ६४ वटा ठेली रसिद (अर्थात नगदी रसिद विल नं. १ देखि नगदी रसिद विल नं. ६४९९) मात्र काटिएको देखिन्छ । श्री विनोद कुमार राय, श्री प्रभुराम कुमार क्याप्छाकी र श्री आनन्द कुमार श्रेष्ठले पेश गरेको ठेली अनुसारको रकम तेरिजमा जम्मा ७८,७७,४३०/- (अक्षरेपी अठहतर लाख सतहतर हजार चार सय रुपैया तीस मात्र) उठेको देखिन्छ । कुल रकम मध्य श्री विनोद कुमारले पेश गरेको निवेदन र विभिन्न मितिमा दाखिला गरेको बैंक भौचर अनुसार २७,००,०००/- (सत्ताइ लाख मात्र) दाखिला गरेको देखिन्छ र ५१,७७,४३०/- (एकाउन्न लाख सत्तहतर हजार चार साय रुपैयाँ तीस मात्र) दाखिला गर्न बाँकी रहेको देखिन्छ ।

Keshav
2076.03.20
.........................
केशव कुमार अधिकारी
प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख
अधिकृत सातौं

शाखा अधिकृत

बोधार्थः– सक्कल फाइल श्री प्रमुख प्रशासकिय अधिकृतलाई यसै साथ बुझाएको छु ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सूचना तथा प्रविधि शाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, जनकपुरधाम ।
श्री नगर प्रमुख ज्यू,
श्री उप प्रमुख ज्यू,
मिथिला नगरपालिका ।

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
स्थापना २०७३

मिति : २०७६।०९।२०

**विषय : फायल पञ्जिका ।**

| क..सं. | कागजातको विवरण | पाना संख्या | कैफियत |
|---|---|---|---|
| | **अमानतबाट बालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको विक्री कर संकलन सम्वन्धी सक्कल कागजपत्रहरु:** | | |
| १ | नेपालको संविधान, २०७२ को अनुसूची ९ को प्रतिलिपि | १ | |
| २ | स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को प्रतिलिपि | २ | |
| ३ | निमित प्र.प्र.अ. भई कामकाज गर्ने प्रमाणित प्रतिलिपि | १ | |
| ४ | २०७६/५/२६ को कार्यपालिकाको प्रस्ताव तथा निर्णयहरुको प्रमाणित प्रतिलिपि | ४ | |
| ५ | बालुवा, गिट्टी, ग्रभेल, ढुंगा, रोडा विकी कर ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी टिप्पणी र आदेशको प्रमाणित प्रतिलिपि | १ | |
| ६ | श्री तहलका नेपालमा सूचना प्रकाशन गरिएको साथै पत्रिकाको प्रमाणित प्रतिलिपि | २ | |
| ७ | बालुवा, गिट्टी, ढुंगा, रोडा र ग्राभेलको उत्खन्न, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्वन्धी ३० (तीस) दिने शिलबन्दी बोलपत्र आहवानको सूचना प्रमाणित प्रतिलिपि | ३ | |
| ८ | मिति २०७६/५/२७ बालुवा, गिट्टी, ढुंगा, रोडा र ग्राभेलको उत्खन्न, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धी ३० (तीस) दिने शिलबन्दी बोलपत्र आहवानको श्री नगरिक दैनिकमा दिएको सूचना प्रमाणित प्रतिलिपि | १ | |
| ९ | बोलपत्र फारमको प्रमाणित प्रतिलिपि | २ | |
| १० | २०७६/०६/०२ को कार्यपालिकाको बालुवा, गिट्टी, ढुंगा, रोडा र ग्राभेलको उत्खन्न, संकलन र विक्री कर संकलन र कर्मचारी व्यवस्थापन तथा परिचालन सम्बन्धमा प्रस्ताव तथा निर्णयहरुको प्रमाणित प्रतिलिपि | २ | |
| ११ | कर संकलन सम्बन्धमा टिप्पणी र आदेशको प्रमाणित प्रतिलिपि | १ | |
| १२ | श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोले डोर हाजिरीमा काम गर्न पेश गरेको निवेदनको प्रमाणित प्रतिलिपि | ८ | |
| १३ | कर संकलन सहायक कर्मचारी नियुक्त गर्ने सम्बन्धमा टिप्पणी तथा आदेशको प्रमाणित प्रतिलिपि | १ | |
| १४ | श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोसंग ज्यालादारी सेवामा काम गने सम्झौता पत्र प्रमाणित प्रतिलिपि | ८ | |
| १५ | श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतो, श्री शिवशंकर प्रसाद सिंह, श्री आनन्द कुमार अधिकारी, श्री प्रभुराम कुमार क्याप्छाकी, श्री विनोद कुमार राय, श्री जोगेन्द्र महतोलाई जिम्मेवारी तोकिएको प्रमाणित प्रतिलिपि | ९ | |
| १६ | राजश्व शाखाबाट विभिन्न मितिमा प्रमाणित ठेली बुझी लगेका तेरिजको | २ | |

| | | | |
|---|---|---|---|
| | प्रमाणित प्रतिलिपि | | |
| १७ | रकम जम्मा गर्ने सम्बन्धमा लेखिएको पत्रको प्रमाणित प्रतिलिपि | १ | |
| १८ | टेन्डर खरिद गर्ने फर्मको नाम र ठेगानाको प्रमाणित प्रतिलिपि | ३ | |
| १९ | श्री दङगा नियन्त्रण कार्यालय तथा श्री ईलका प्रहरी कार्यालयलाई सहभागिता र सुरक्षा प्रदान गरिदिनु हुन लेखिएको पत्रको प्रमाणित प्रतिलिपि | २ | |
| २० | बोलपत्र फारम दर्ता गराउने फर्मको नाम/ ठेगानाको प्रमाणित प्रतिलिपि | २ | |
| २१ | श्री सत्यम शिवम निर्माण सेवाले बोलपत्र फारम फिर्ता लिन दिएको निवेदन र निवेदन लिएको भरापाईको प्रमाणित प्रतिलिपि | २ | |
| २२ | ११ वटा फर्मले ठेक्का लिन पेश गरेको बोलपत्र फारम साथै अन्य कागजात पेश गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि | ८२ | |
| २३ | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती शिलबन्दी बोलपत्र खोल्ने फारमको प्रमाणित प्रतिलिपि | ३ | |
| २४ | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्तीको लागि दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोल्न उपस्थिती भएका पदाधिकारीको उपस्थितीको प्रमाणित प्रतिलिपि | २ | |
| २५ | मूल्याङकन समिति गठन सम्बन्धमा टिप्पणी र आदेशको प्रमाणित प्रतिलिपि | १ | |
| २६ | मूल्याङकन समिति गठन गरिएको प्रमाणित प्रतिलिपि | १ | |
| २७ | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धी मूल्याङकन समितिले पेश गरेको प्रतिवेदनको प्रमाणित प्रतिलिपि | ६ | |
| २८ | आसय पत्र सम्बन्धमा टिप्पणी र आदेशको प्रमाणित प्रतिलिपि | १ | |
| २९ | आसय पत्र सम्बन्ध सूचनाको प्रमाणित प्रतिलिपि | १ | |
| ३० | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धी सम्झौता गर्न आउने पत्रको प्रमाणित प्रतिलिपि | १ | |
| ३१ | श्री जय बजरंग बालुवा प्रशोधन उधोगले सम्झौता गरि पाऊ बारे पत्रको प्रमाणित प्रतिलिपि | १ | |
| ३२ | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धी सम्झौता सम्बन्धमा टिप्पणी र आदेशको प्रमाणित प्रतिलिपि | २ | |
| ३३ | वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि | ५ | |
| ३४ | चलन पूर्जी दिईएको पत्रको प्रमाणित प्रतिलिपि | १ | |
| ३५ | ठेक्का र रकम दालिा गर्न लेखिएको प्रमाणित प्रतिलिपि | १ | |
| ३६ | श्री आनन्द कुमार श्रेष्ठ, श्री केशब प्रसाद प्रसाई, श्री शम्भू कुमार डुम्जन र योगेन्द्र कुमार महतोले डोर हाजिरीमा काम गरेबापत पेश गरेको निवेदनको प्रमाणित प्रतिलिपि | १ | |
| ३७ | बाँकी रकम जम्मा गर्ने सम्बन्धमा लेखिएको पत्रको प्रमाणित प्रतिलिपि | १ | |
| ३८ | विभिन्न मितिमा रकम दाखिला गरेको बैंक भौजरको प्रमाणित प्रतिलिपि | ४ | |

| | | | |
|---|---|---|---|
| ३९ | अमानतबाट वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको विक्री कर संकलन गरेको ठेली अनुसारको रकम उठेको तेरीजको प्रमाणित प्रतिलिपि | ३ | |
| ४० | श्री विनोद कुमार रायले वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको विक्री कर संकलन गर्न बाँकी रहेको निवेदनको प्रमाणित प्रतिलिपि | १ | |